**(ख) शारीरिक योग्यता**

| क्र.सं | पद | पुरुष | महिला | कै |
|---|---|---|---|---|
| १ | प्रा.उ.से. एम.वि.वि.एस. डाक्टर र प्रा.उ.से. लाईब्रेरियन | (क) उचाईः न्युनतम ५ फिट ३ ईन्च ।<br>(ख) छातीः नफुलाउंदा न्युनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च ।<br>(ग) बजनः न्युनतम ५० के.जि. (११० पौण्ड) ।<br>(घ) आंखा ± २ भन्दा बढी कमजोर नभएको । | (क) उचाईः न्यूनतम ४ फिट १० ईन्च ।<br>(ख) बजनः ४० के.जि. (८८ पौण्ड) ।<br>(ग) आंखा ± २ भन्दा बढी कमजोर नभएको । | |
| २ | प्रा.उ.से. एरोनोटिकल/मेकानिकल इन्जिनियर, प्रा.उ.से. इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स/एभियोनिक्स इन्जिनियर र प्राड जम. | | (क) उचाईः न्यूनतम ५ फिट ।<br>(ख) बजनः न्यूनतम ४० के.जि. (८८ पौण्ड) ।<br>(ग) आंखा ± २ भन्दा बढी कमजोर नभएको । | |
| ३ | सबै ट्रेडका प्रा.जम. र प्रा.अम. | (क) उचाईः न्यूनतम ५ फिट ३ ईन्च<br>(ख) छातीः नफुलाउंदा न्यूनतम ३२ ईन्च र फूलाउंदा न्यूनतम ३४ ईन्च<br>(ग) बजनः न्यूनतम ५० के.जि. (११० पौण्ड)<br>(३) आंखा ± २ भन्दा बढी कमजोर नभएको । | (क) उचाईः न्यूनतम ४ फिट १० ईन्च<br>(ख) बजनःन्यूनतम ४० के.जि. (८८ पौण्ड) ।<br>(ग) आंखा ± २ भन्दा बढी कमजोर नभएको । | |

**(ग) अन्य योग्यताः** सबै पदका उम्मेदवारहरु नैतिक पतन नदेखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको साथै अन्य योग्यताको हकमा "सैनिक सेवामा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४", "सैनिक सेवा नियमावली २०६९", "सैनिक हवाई सेवा नियमावली २०७४" तथा "सैनिक प्राड सेवा नियमावली २०७४" मा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

**६. उमेरको हदः**

| क्र.सं. | पद | पुरुष | महिला | कै. |
|---|---|---|---|---|
| १ | सबै ट्रेडका प्रा.उ.से. | दरखास्त दर्ता गर्ने अन्तिम मिति २०७५/१२/१९ गते १८ बर्ष पूरा भई २९ बर्ष ननाघेको । | दरखास्त दर्ता गर्ने अन्तिम मिति २०७५/१२/१९ गते १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको । | |
| २ | प्राड जम. | दरखास्त दर्ता गर्ने अन्तिम मिति २०७५/१२/१९ गते १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको । | | |
| ३ | सबै ट्रेडका प्रा.जम. र प्रा.अम. | | | |
| ४ | प्रा.अम. प्याराच्यूट फोल्डर (महिला) | - | दरखास्त दर्ता गर्ने अन्तिम मिति २०७५/१२/१९ गते १८ बर्ष पुरा भई २० बर्ष ननाघेको हुनुपर्नेछ । (अबिबाहित हुनुपर्ने) | |

**७. नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि**

(क) प्रा.उ.से. एरोनोटिकल/मेकानिकल इन्जिनियर, प्रा.उ.से. इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स/एभियोनिक्स इन्जिनियर र प्राड जम. पदको लागि नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिहरुले ३५ बर्ष उमेर पूरा नभएसम्म बढीमा ३ पटक आवेदन दिन सक्नेछन् । अन्य ट्रेडका प्राविधिकहरुको लागि सम्बन्धित ट्रेडको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको हुनु पर्ने, सैन्य आधार तालिम गरेको हुनु पर्ने तथा उमेरको हद नलाग्ने ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०७५/१२/१९ गतेका दिन न्युनतम सेवा अवधि १ बर्ष पुरा भएको हुनु पर्नेछ ।

(ग) युनिटपति/सम्बन्धित पतिको सिफारिस अनिबार्य रुपमा पेश गर्नुपर्नेछ ।

**८. दरखास्तसाथ समावेश गर्नुपर्ने आवश्यक कागज्जातहरु::** देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवारहरु स्वयम्ले प्रमाणित गरी १/१ प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरु मान्यता हुने छैन । दरखास्त दिन आउंदा, पेश गरिने सबै कागजातहरुको सक्कल प्रति अनिबार्य रुपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) सबै शैक्षिक तहहरुको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र प्रोभिजनल वा ओरिजिनल प्रमाण-पत्र ।

(ग) नेपाल सरकारको विश्वविद्यालय/बोर्ड बाहेक अन्य बोर्ड तथा विश्व विद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि./एस.एल.सी.बोर्ड बाट प्रकाशित समकक्षताको मान्यता प्राप्त पुस्तकबाट आफूले हासिल गरेको उपाधीको समकक्षताको र माईग्रेसन (स्थानान्तरण) को प्रमाण-पत्र ।

(घ) शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरेको अन्य प्रमाण-पत्रहरु (अतिरिक्त क्रियाकलाप) र बिबिध बिषय सम्बन्धी प्रमाण-पत्रहरु ।

(ङ) **समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा निम्न थप कागज्जातहरु समेत पेश गर्नुपर्नेछः**

(१) आदिबासी/जनजातिका लागि नेपाल आदिबासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिबासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी । तर, नेपाल आदिबासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकाय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

(२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी । तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकाय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्ने छ ।

(३) मधेशीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकाय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि ।

(४) पिछडिएको क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बभाङ, बाजुरा, मुगु, हुम्ला, मनाङ र मुस्ताङ जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउंपालिका/नगरपालिकाबाट दरखास्त फाराम बुझाउंदासम्म सोहि स्थानमा स्थायी बसोबास गरेको सिफारिसको प्रतिलिपि ।

(५) समावेशीतर्फ सूचिकृत भएका थर तथा समुह प्रष्ट भएमा र सो समुहमा दरखास्त दिन चाहेमा उम्मेदवारले समावेशीतर्फको प्रमाण पत्र पेश गर्न अनिवार्य गरिने छैन ।

**९. फोटोग्राफः** उम्मेदबारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो प्रति ३ (तीन) तथा 2X2 साईजको पुरै मुखाकृति देखिने फोटो प्रति १ (एक) दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**१०. परीक्षाको लागि सम्पर्क मिति र स्थानः** मिति २०७५/१२/२९ गते १३०० बजे नारायणहिटी उत्तरतर्फको गेट (धोबी चौरतर्फ) श्री नेपाल क्याभलरीको खेल मैदान, दरखास्त पेश गरेको स्थान ।

**११. छनौट प्रक्रिया**

**(क) वियरिङ्ग परीक्षा** : यस परीक्षामा उम्मेदवारहरुको उचाई, बजन, छाती (महिला उम्मेदवार बाहेकको) र शारीरिक बनावट परीक्षण गरिनेछ । शारीरिक बनावट परीक्षणमा हेरिने बूदांहरुः अंगभंग नभएको/कुरूप नदेखिने, हात खुट्टा बाङ्गो टिङ्गो र औंलाहरू ठीक भएको, घुडा नजोडिने (Knee Lock), हात खुट्टामा मुसा नभएको, धेरै चेप्टो पैताला नभएको, प्रष्ट बोली भएको, भकभके, लठ्यौरो हुन नहुने, दांत नझरेको (अगाडिको दांत नझरेको र किरा लागेको दांत भरेको हुनपर्ने), ढाड कुप्रो नभएको, शरीर पुरा झुकाउन सक्ने, जिउ कोल्टे नपरेको, दूबी नभएको, कपाल नझरेको (अस्वभाविक रुपमा नझरेको हुनुपर्ने), कपाल नफूलेको र नरंगाएको (अस्वभाविक रुपमा फुलेको तथा रंगाएको लाई लिन नमिल्ने), आंखा डेढो नभएको, बायां आंखा चिम्लन सक्ने (सम्बन्धितको मास्टर आई बिपरित आंखा चिम्लन सक्ने), ज्यादै छिप्पड नदेखिने, लुरे नदेखिने, उचाई अनुसार हुनु पर्ने तौल भन्दा बढी वा घटी तौल नभएको, शरीर मोटो तर हात खुट्टा झिनो नदेखिने, शरीरमा ट्याटु मार्क नबनाएको, अनुहारमा अस्वभाविक दागहरू नभएको ।

**(ख) बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण** : मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको बि.एम.आई. गरिनेछ । साधारण स्वास्थ्य परीक्षणमा नाक, कान, आंखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

**(ग) शारीरिक परीक्षा**

| क्र.सं. | पद | शारीरिक योग्यता | |
|---|---|---|---|
| | | पुरुष | महिला |
| १ | सबै ट्रेडका प्रा.उ.से., प्रा.जम. र प्रा.अम. | (क) सिटअप १० पटक<br>(ख) पूसअप १० पटक<br>(ग) चिनअप २ पटक<br>(घ) ३०० मिटर दौड ६५ सेकेण्डमा पुरा गर्नुपर्ने छ<br>(ङ) १ माईल दौड ९ मिनेटमा पूरा गर्नु पर्नेछ । | (क) सिटअप ८ पटक<br>(ख) पूसअप ५ पटक<br>(ग) ३०० मिटर दौड ७५ सेकेढडमा पुरा गर्नु पर्नेछ<br>(घ) १ माईल दौड ११ मिनेटमा पुरा गर्नुपर्नेछ । |

**(घ) लिखित परीक्षा (पेशा/विविध विषय):** सबै पदका उम्मेदवारहरुको विविध तथा पेशा सम्बन्धी विषयको लिखित परीक्षा श्री लोक सेवा आयोगबाट संचालन हुनेछ । वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

**(ङ) प्रयोगात्मक परीक्षा** : सबै पदका उम्मेदवारहरुको सम्बन्धित ट्रेड अनुसारको प्रयोगात्मक परीक्षा हुनेछ ।

**(च) गुणमापक (टि.ओ., जि.टि.ओ., आई.ओ.र बोर्ड कन्फरेन्स) परीक्षाः** सबै ट्रेडका प्राविधिक उप सेनानी पदका उम्मेदवारहरुको विषेशज्ञ अधिकृतहरुबाट संचालन गरिनेछ ।

**(छ) विस्तृत स्वास्थ्य परीक्षणः** मान्यता प्राप्त चिकित्सकहरुबाट बिस्तृत स्वास्थ्य परीक्षण गरिनेछ । नेपाली सेनामा स्वास्थोपचार सुविधा पाईरहेका उम्मेदवारहरु बाहेक अन्य उम्मेदवारहरुको बिस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

**(ज) बोर्ड अन्तरवार्ताः** पदपूर्ति समितिबाट हुनेछ ।

**१२. तलब, भत्ता, राशन तथा अन्य सुविधाहरुः** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

**१३. अन्य शर्तहरु**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयं उम्मेदवार हुनेछ ।

(ग) छनौट परीक्षाको क्रममा उम्मेदवारहरु आ-आफ्नै व्यवस्थाबाट तोकिएको स्थान र समयमा प्रतिवेदन गर्नु पर्नेछ ।

(घ) समावेशीकरणका लागि आदिवासी जनजाति, मधेसी वा दलित उम्मेदवारहरुले कुनै एक समुदायको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ । तर महिलाको हकमा यो व्यवस्था लागु हुने छैन ।

**द्रष्टव्यः-**

(क) दरखास्त फाराम दरखास्त पेश गर्ने स्थानः नारायणहिटी उत्तरतर्फको गेट (धोबी चौरतर्फ) श्री नेपाल क्याभलरीको खेल मैदानमा उपलब्ध हुनेछ ।

(ख) सम्बन्धित पदको पाठ्यक्रम नेपाली सेनाको वेभसाईट www.nepalarmy.mil.np बाट डाउनलोड गर्न सकिनेछ ।

(ग) **"सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४", "सैनिक सेवा नियमावली २०६९", "सैनिक हवाई सेवा नियमावली २०७४" र "सैनिक प्राड सेवा नियमावली २०७४"** को आधारमा पदपूर्ति गरिनेछ ।

(घ) महिलाको हकमा Direct combat duties/Close combat role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat related duties/combat service support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(ङ) भर्ना छनौट सम्बन्धि सूचना नेपाली सेनाको Website: www.nepalarmy.mil.np मा हेर्न सकिने छ ।

(च) थप केही जानकारी लिनु परेमा श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी बिभागको सम्पर्क नं. ०१-४२४६९५० वा मोबाईल नम्बर ९८६३०३१५६१ मा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।